त्रिभुवन विश्वविद्यालय
# विज्ञान तथा प्रविधि अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं. ६१८/०८१/०८२

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५

६ माघ २०८१

श्रीमान् विभागीय/क्याम्पस प्रमुख
विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका कार्यक्रम सञ्चालित,
केन्द्रीय विभाग तथा क्याम्पसहरु ।

विषय: प्रस्ताव पेस गर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, विज्ञान तथा प्रविधि महाशाखाको पत्र सङ्ख्या ०८१।०८२ चलानी नं. वि.प्र.म. १८४ को पत्रानुसार विज्ञान, प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यविधि २०८१ अनुसारको अनुसन्धान अनुदानका लागि अनुसन्धान प्रस्ताव माग भएको जानकारी गराउँछु । यसलाई सम्बन्धित सबैमा जानकारी गराई तोकिएको समयभित्रै अनुसन्धान प्रस्ताव पेस गर्न उत्प्रेरित गर्न अनुरोध गर्दछु । मन्त्रालयको पत्र तथा कार्यविधि यसैसाथ संलग्न छ ।

..............................
प्रा.डा. शंकर प्रसाद खनाल
डीन

टेलिफोन: ९७७-१-४३३०८४४, ४३३१७५५ (प्रशासन), ४३३०१२० (परीक्षा)
Website: www.iost.tu.edu.np, E-mail: info@iost.tu.edu.np, exam@iost.tu.edu.np

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
विज्ञान प्रविधि महाशाखा

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०८१।८२
चलानी नं.:- वि.प्र.म- १८४

मितिः२०८१/१०/०४

श्री डीनको कार्यालय, विज्ञान प्रविधि अध्ययन संस्थान, त्रि.वि.वि, कीर्तिपुर, काठमाडौं ।
श्री डीनको कार्यालय, इन्जिनियरिङ्ग अध्ययन संस्थान, त्रि.वि.वि, पुल्चोक, ललितपुर ।
श्री डीनको कार्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, त्रि.वि.वि, महाराजगञ्ज, काठमाडौं ।
श्री डीनको कार्यालय, स्कूल अफ साइन्स , काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रे ।
श्री डीनको कार्यालय, स्कूल अफ इन्जिनियरिङ्ग, काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रे ।
श्री डीनको कार्यालय, स्कूल अफ मेडिकल साइन्स , काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रे ।
श्री डीनको कार्यालय, विज्ञान संकाय, पोखरा विश्वविद्यालय, पोखरा, कास्की ।
श्री नेपाल कृषि अनुसन्धान परिषद्, खुमलटार, ललितपुर ।
श्री डीनको कार्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन ।
श्री डीनको कार्यालय, विज्ञान संकाय, मध्यपश्चिम विश्वविद्यालय, वीरेन्द्रनगर, सुर्खेत ।
श्री डीनको कार्यालय, विज्ञान संकाय, सुदूर पश्चिम विश्वविद्यालय, महेन्द्रनगर, कञ्चनपुर ।
श्री डीनको कार्यालय, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, चित्लाङ्ग, मकवानपुर ।
श्री डीनको कार्यालय, विज्ञान संकाय, पुर्वाञ्चल विश्वविद्यालय, विराटनगर, मोरङ्ग
श्री नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, रामशाहपथ, काठमाडौं।
श्री नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, खुमलटार, ललितपुर।
श्री व्यवहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, त्रि.वि.वि., कीर्तिपुर, काठमाडौं ।

**विषयः प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयको स्वीकृत विज्ञान, प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यविधि, २०८१ को अनुसूची-२ को ढाँचामा संलग्न बमोजिमका क्षेत्र तथा विषयहरुका अधीनमा रही (थप नवीनतम विषय क्षेत्र भए सो समेत) मिति २०८१/१०/२५ गते सम्म यस मन्त्रालयमा प्राप्त हुने गरी प्रस्ताव पेश गर्नुहुन स्वीकृत कार्यविधिको प्रतिलिपिका साथै क्षेत्र तथा विषयहरुको सूची संलग्न गरी पठाइएको व्यहोरा मिति २०८१/१०/०४ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ । तोकिएको मितिभन्दा पछि पेश भएका प्रस्तावहरुलाई स्वीकार गरिने छैन ।

थप जानकारीका लागिः
सुशिला तामाङ्ग, निरीक्षक, सम्पर्क नं.९८४२२०५०८३

१०।०४
(सुशिला तामाङ्ग)
निरीक्षक

अनुसन्धानका क्षेत्र तथा विषयहरु

| क्षेत्र | विषयहरु |
| --- | --- |
| स्वास्थ्य | ➢ स्वास्थ्यसँग सम्बन्धित किटहरु<br>➢ डेङ्गु फैलावटको पहिचान<br>➢ टेलिमेडिसिन |
| कृषि | ➢ रैथाने बालीको संरक्षण<br>➢ पोषणयुक्त बालीहरुको उत्थान<br>➢ वनमा आधारित पशुपालन<br>➢ दुग्ध पदार्थको Value Addition<br>➢ हाते कागजको गुणस्तर बढाउने<br>➢ बायोमासको प्रयोग<br>➢ Post Harvest प्रविधि, Value Addition Product Diversification<br>➢ Development of natural product based food dyes<br>➢ Treatment of bamboo and timber<br>➢ प्राकृतिक रेशाजन्य वनस्पतिबाट गुणस्तरीय रेशा उत्पादन र रेशाको गुणस्तर वृद्धिका लागि आवश्यक प्रविधि अध्ययन<br>➢ डोलामाइटको प्रयोगबाट माटोको अम्लियपन घटाउने |
| ICT | ➢ ट्राफिक व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग<br>➢ कृषिमा ICT Based पूर्व सूचना प्रणाली<br>➢ साइबर सुरक्षा |
| वातावरण | ➢ Wetland Conservation<br>➢ जलवायु अनुकुलन तथा न्यूनीकरण |
| वन | ➢ वन डढेलो नियन्त्रण गर्ने विधि<br>➢ Vegetation Shift सम्बन्धी अध्ययन<br>➢ नरम जातिको काठको प्रयोग समय बढाउनको लागि सिजनिङ र उपचार गर्ने प्रविधि सम्बन्धमा<br>➢ Anti-cancer activity, biopesticide super-critical fluid extraction |
| फोहोर व्यवस्थापन | ➢ फोहोरपानी प्रशोधन केन्द्रहरुबाट निस्किने Sludge कम्पोष्ट मल उत्पादन |
| खानेपानी | ➢ उच्च हिमाली क्षेत्रमा पाइप प्रणालीबाट पानी उपलब्ध गराउने प्रविधि |
| उर्जा | ➢ नवीकरणीय उर्जा ( Hydrogen fuel, solar energy etc.) |
| इञ्जिनियरिङ्ग | ➢ Vernacular Building Material Technology<br>➢ Green Building Design and Practice<br>➢ Green Infrastructure |
| अन्य उपयुक्त अनुसन्धानका विषयहरु समेत समावेश गर्न सकिने । | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# विज्ञान प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यविधि, २०८१

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# विज्ञान प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यविधि, २०८१

**प्रस्तावनाः** विज्ञान प्रविधिका क्षेत्रमा नविनतम प्रयोग गरी यस क्षेत्रमा सिर्जनात्मकता कायम गरी उपलब्धी हासिल गर्न, विज्ञान प्रविधिका क्षेत्रमा नवप्रवर्तनात्मक क्षमताको विकास गर्न, यस क्षेत्रमा अनुसन्धानात्मक कार्य गरी मुलुकको विकास तथा समृद्धिमा योगदान गर्न तथा विज्ञान प्रविधिका विभिन्न विधा तथा क्षेत्रमा नविन प्रविधि विकास र विस्तारमा सहयोग पुऱ्याउन चालु आर्थिक वर्षमा स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कार्यसम्पादन गरी उपलब्धी हासिल गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) को अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विज्ञान प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखी प्रारम्भ हुनेछ र चालु आर्थिक वर्षको असार ससान्तसम्म कायम रहनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कार्यक्रम"** भन्नाले चालु आर्थिक वर्षमा स्वीकृत क्रियाकलाप नं २.७.२५.३१० अन्तरगतको सार्वजनिक निजीक्षेत्र, विश्वविद्यालय तथा अनुसन्धानमा संलग्न सँस्था बीच विविध क्षेत्र, विषय, समस्या र अवसरको पहिचान गरी विज्ञान प्रविधि तथा अनुसन्धान मार्फत नवप्रवर्तन कार्यक्रम सञ्चालन र स्टार्टअपहरुको प्रवर्धन कार्यक्रम सञ्चालन अनुसन्धान र नवप्रवर्तनबाट विकसित ज्ञान र उत्पादनको सिर्जित बौद्धिक सम्पत्तिको संरक्षण र उपयोगको प्रवर्धन गर्दै "मिनिबल भायबल प्रोडक्ट" सम्म पुर्याउने तथा क्रियाकलाप नं २.७.२५.३१३ अन्तर्गतको जलबायु परिवर्तन न्यूनीकरण, प्रदूषण नियन्त्रण, हरित निर्माण सामग्रीको लागि नविन प्रविधिको विकास र विस्तारको सहयोग लाई सम्झनु पर्छ।

(ख) **"छनोट समिति"** भन्नाले यस कार्यविधिको दफा १५ बमोजिमको छनोट समिति सम्झनु पर्छ।

(ग) **"प्रस्तावक"** भन्नाले विज्ञान प्रविधिका क्षेत्रमा अनुसन्धान तथा नवप्रवर्तनमा कार्यहरु गर्ने वा विकास निर्माणका कार्यहरु गर्ने सार्वजनिक, निजी क्षेत्र, विश्वविद्यालय तथा अनुसन्धान संस्थालाई सम्झनुपर्छ।

(घ) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ.

(ङ) **"मिनिमल भाएबल प्रोडक्ट"** भन्नाले न्यूनतम प्रयासमा अधिकतम प्रतिफल प्राप्त गर्न सक्ने सिकाइ तथा यसको प्रयोगलाई सम्झनुपर्छ र यस शब्दले उपयोगकर्ताबाट उपयोगमा ल्याउन सकिने गरी न्यूनतम कार्य गुणहरु समावेश गरी विकास गरिएको उत्पादनलाई समेत जनाउँछ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(च) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको दफा १२ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य, क्षेत्र तथा विषय पहिचान

३. **उद्देश्यः** यस कार्यविधि कार्यान्वयनका प्रमुख उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) विज्ञान तथा प्रविधिको क्षेत्रमा नवप्रवर्तन, नवीनतम प्रविधि, वस्तु तथा सेवाको विकास र त्यसको बजारीकरण तथा उपयोग गर्नु,

(ख) विशिष्ट क्षेत्र वा विधामा उच्च नतिजामूलक गुणस्तरीय अनुसन्धान, विद्यमान ज्ञानको महत्तम वा परिष्कृत प्रयोग गर्नु,

(ग) अनुसन्धानका उपलब्धिलाई सामाजिक समस्या समाधान र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम संचालन गर्नका लागि उपयोग गर्नु,

(घ) मुलुकको विज्ञान तथा प्रविधिको क्षेत्रमा संलग्न जनशक्तिको मनोबल उच्च राख्नु,

(ङ) मिनिमल भाएवल प्रोडक्ट पहिचान गरी त्यसको परीक्षण प्रयोग गर्नु,

(च) पहिचान भएका क्षेत्र अन्तर्गतका स्टार्ट-अपहरूको प्रवर्द्धन गर्नु,

(छ) अनुसन्धान र नवप्रवर्तनबाट विकसित ज्ञान र उत्पादनको सिर्जित बौद्धिक सम्पत्ति संरक्षण र प्रवर्द्धन गर्नु,

(ज) जलवायु परिवर्तनको असर न्यूनीकरणको लागि समाधानका उपायहरु पहिचान तथा अवलम्बन गर्नु,

(झ) प्रदूषण नियन्त्रण, हरित निर्माण सामग्रीको लागि नविन प्रविधि विकास र विस्तार सम्बन्धी कार्य गर्नु।

४. **क्षेत्र वा विषय पहिचान गर्नेः** (१) मन्त्रालयले यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने प्रस्तावलाई प्रभावकारी बनाउन कार्यक्रमको क्षेत्र वा विषय पहिचान गरी प्राथमिकता निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राथमिकता निर्धारण गर्दा अनुदान प्रदान गरिने क्षेत्र वा विषयका सम्बन्धमा मन्त्रालयले संघ, प्रदेश तथा स्थानीय तह अन्तरगतका निकाय वा वस्तुगत संघ, महासंघ वा विश्वविद्यालय वा प्रचलित कानून बमोजिम दर्ता भएका अनुसन्धानमूलक संस्था वा निजी क्षेत्रसँग समस्याको विवरण माग गर्न सक्नेछ।

(३) मन्त्रालयले उपदफा (२) बमोजिम प्राप्त विषय वा क्षेत्रको प्राथमिकीकरणका लागि सरोकारवालासँग अन्तरक्रिया वा छलफल आयोजना गरी विषय छनोट गर्नेछ।

(४) मन्त्रालयले प्राथमिकीकरण गरेको कुनै पनि क्षेत्र तथा विषय अनुसन्धानको लागि समावेश गर्न सकिनेछ।

(५) उपदफा (१) र (२) बमोजिम प्राप्त हुन आएका विषय वा क्षेत्रमा मन्त्रालयले विज्ञ सहितको सहयोगमा आवश्यक अध्ययन गराई अनुसन्धानको विषयको प्राथमिकता निर्धारण गर्नेछ।

(६) लागत साझेदारी गर्ने प्रस्तावक वा स्थानीय तहको सिफारिसमा स्थानीय ज्ञान र सीपमा आधारित अनुसन्धान, नवप्रवर्तन सम्बन्धी प्रस्तावकलाई प्राथमिकता दिन सकिनेछ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

५. **निर्धारण गर्न सक्नेः** (१) मन्त्रालयले क्षेत्र वा विषय पहिचानका लागि विज्ञान प्रविधि वा नवप्रवर्तनका नवीनतम् विषय हुने गरी निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विषय वा क्षेत्र पहिचानको लागि संघ, प्रदेश वा स्थानीय तहका सम्बन्धित निकायसँग परामर्श लिन सकिनेछ।

(३) यस कार्यविधि बमोजिम अनुदान प्रदान गरिने क्षेत्र वा विषय पर्याप्त मात्रामा प्राप्त हुन नआएमा वा मन्त्रालयले उपयुक्त नदेखेमा द्विपक्षीय वा बहुपक्षीय छलफल गरी वातावरणसँग सम्बन्धित कम्तीमा एउटा विषय वा क्षेत्र समावेश हुने गरी मन्त्रालयले विषय वा क्षेत्र निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-३

## प्रस्ताव, शर्त तथा प्रस्तुतीकरण

६. **प्रस्ताव माग गर्न सक्नेः** (१) मन्त्रालयले कम्तीमा एक्काइस दिनको समय दिई दफा ४ र ५ बमोजिम निर्धारित विषय वा क्षेत्रका कार्यका लागि एकल वा संयुक्त रुपमा प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिका र मन्त्रालयको वेवसाइटमा सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्ने सूचनाको ढाँचा अनुसूची-१ मा व्यवस्था भए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम माग गरिने कार्यक्रमको कार्यान्वयन समयावधि २०८२ सालको असार मसान्तसम्म मात्र कायम हुनेछ।

७. **प्रस्तावमा रहनु पर्ने विषयः** (१) प्रस्तावमा रहनु पर्ने विषय अनुसूची-२ मा निर्धारण भए बमोजिम हुनेछन्।

(२) उपदफा (१) बमोजिमको विषयमा मन्त्रालयले आवश्यकता बमोजिम अनुसूचीमा परिमार्जन गर्न सक्नेछ।

तर प्रस्ताव पेश गर्न सूचना प्रकाशन भई सकेपछि प्रस्तावमा समावेश हुनु पर्ने विषय वस्तुका सम्बन्धमा परिमार्जन गर्न सकिने छैन।

८. **प्रस्तावकले पूरा गर्नुपर्ने शर्तः** प्रस्तावकले देहाय बमोजिमको न्यूनतम शर्त पूरा गरेको हुनु पर्नेछः-

(क) मन्त्रालयले स्वीकृत गरेको अनूसुची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने,

(ख) जनशक्ति योजना संलग्न गरेको हुनुपर्ने,

(ग) परीक्षण (स्वदेश वा विदेश) सम्बन्धी योजना संलग्न गरेको हुनुपर्ने,

(घ) क्रियाकलाप अनुसार कार्य सम्पादन हुने समय सीमा संलग्न गरेको हुनुपर्ने।

९. **प्रस्तावको प्रस्तुतीकरणः** यस कार्यविधि बमोजिमका शर्त पूरा भई प्राप्त हुन आएका प्रस्तावलाई प्रस्तुतीकरण गराउनु पर्नेछ।

(२) प्राप्त हुन आएका प्रस्तावहरुको प्रस्तुतीकरण पश्चात् छनोट समितिले अनुसूची-३ बमोजिम बमोजिम मूल्याङ्कन गरी योग्य प्रस्तावको छनोट गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव छनोट गर्दा पेश हुन आएको कुनै पनि प्रस्ताव सिफारिस योग्य नभएमा वा केहि मात्र प्रस्ताव योग्य हुने अवस्था देखिएमा छनोट समितिले सोहि व्यहोरा खुलाई मन्त्रालयमा पेश गर्नेछ।

नेपाल सरकार
विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(४) छनोट समितिको सिफारिस बमोजिम मन्त्रालयले प्रस्तावको स्वीकृत गर्न सक्नेछ।

१०. **छनोटको जानकारी दिनु पर्नेः** (१) छनोट भएका प्रस्ताव मन्त्रालयले आफ्नो वेवसाइट वा सूचना पाटीमा सूचना टाँस गरी सार्वजनिक गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित विषयका सम्बन्धमा सम्बन्धित प्रस्तावकलाई इमेल वा त्यस्तै अन्य छिटो सञ्चारको माध्यमबाट जानकारी गराउनुपर्नेछ।

(३) छनोट भएका प्रस्तावकसँग मन्त्रालयले सम्झौता गर्नेछ।

११. **कार्यान्वयनको लागि लेखि पठाउन सकिनेः** मन्त्रालयले अनुसन्धानको प्रगति, उपलब्धिका बारेमा सम्बन्धित निकायसँग छलफल गरी अनुसन्धानको विस्तृत प्रयोगका लागि उपयुक्त देखिएका सम्बन्धित निकायलाई कार्यान्वयनका लागि आवश्यक विवरण सहित लेखि पठाउन सक्नेछ।

## परिच्छेद-४

## समिति तथा काम, कर्तव्य र अधिकार

१२. **निर्देशक समितिः** (१) कार्यक्रम प्रभावकारिता ल्याउन तथा लक्षित उपलब्धि हासिल गर्न एक निर्देशक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | सचिव (विज्ञान प्रविधि), मन्त्रालय | -संयोजक |
| (ख) | डीन, विज्ञान तथा प्रविधि संकाय, त्रिभुवन विश्वविद्यालय | -सदस्य |
| (ग) | डीन, इन्जिनियरिङ्ग अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय | - सदस्य |
| (घ) | डीन, इन्जिनियरिङ्ग वा विज्ञान प्रविधि हेर्ने, काठमाडौं विश्वविद्यालय | - सदस्य |
| (ङ) | सहसचिव, विज्ञान प्रविधि महाशाखा, मन्त्रालय | -सदस्य सचिव |

१३. **निर्देशक समितिको बैठकसम्बन्धी व्यवस्थाः** (१) निर्देशक समितिको बैठकसम्बन्धी व्यवस्था संयोजकले निर्धारण गरेको मिति, समय र स्थानमा मन्त्रालयमा बस्नेछ।

(२) निर्देशक समितिको बैठकसम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछः-

(क) निर्देशक समितिको संयोजक सहित कम्तीमा पचास प्रतिशतभन्दा वढी सदस्यको उपस्थिति भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ,

(ख) निर्देशक समितिको बैठकको निर्णय सर्वसम्मत हुनेछ र कुनै कारणले सर्वसम्मत हुन नसकेमा संयोजकसहितको उपस्थित सदस्यको बहुमतको निर्णय समितिको निर्णय हुनेछ।

(३) निर्देशक समितिको वैठकमा आवश्यकता अनुसार विश्वविद्यालयका प्राध्यापक, विषय विज्ञ, आर्थिक प्रशासन, कानून तर्फका व्यक्तिहरुमध्येबाट तीन जनासम्मलाई आमन्त्रण गर्न सकिनेछ र त्यसरी आमन्त्रण गर्दा कम्तीमा एक जना महिला हुने गरी आमन्त्रण गर्नु पर्नेछ।

(४) निर्देशक समितिको बैठक तथा यससम्बन्धी अन्य व्यवस्था यसै समितिद्वारा निर्धारण भए बमोजिम हुनेछ।

१४. **निर्देशक समितिको कार्य जिम्मेबारीः** निर्देशक समितिको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिम प्रदान हुने अनुदान रकमका सम्बन्धमा यकीन गर्ने,

(ख) नविनतम खोज, अनुसन्धान, प्रविधि र प्रयोगबारे यस कार्यविधि बमोजिमको कार्यक्रमको क्षेत्र पहिचान गरी कार्यान्वयनको लागि निर्देशन दिने,

(ग) कार्यक्रम कार्यान्वयन र मूल्याङ्कनका लागि मार्गदर्शन गर्ने,

(घ) सरोकारवालाहरूका जिज्ञासा सम्बोधन गर्नको लागि समन्वय र सहजीकरण गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनको सन्दर्भमा परी आएका विषयहरुमा छनोट समितिलाई सहजीकरण गर्ने।

**१५. <u>छनोट समितिः</u>** (१) प्रस्तावको छनोट गरी अपेक्षित लक्ष्य हासिल गर्न मन्त्रालयमा एक प्रस्ताव छनोट समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको छनोट समितिको गठन देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | सहसचिव, विज्ञान प्रविधि महाशाखा, मन्त्रालय | -संयोजक |
| (ख) | वैज्ञानिक वा विश्वविद्यालयका प्राध्यापक वा सहप्राध्यापक मध्येबाट विज्ञ एक जना | -सदस्य |
| (ग) | प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | -सदस्य |
| (घ) | प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय | -सदस्य |
| (ङ) | प्रमुख, वैज्ञानिक अनुसन्धान शाखा, मन्त्रालय | -सदस्य सचिव |

(३) मन्त्रालयले उपदफा (२) को खण्ड (ख) बमोजिमको विज्ञ प्रतिनिधि मनोनयनको लागि विश्वविद्यालयमा लेखी पठाउन सक्नेछ।

**१६. <u>छनोट समितिको बैठकसम्बन्धी व्यवस्थाः</u>** (१) छनोट समितिको बैठकसम्बन्धी व्यवस्था संयोजकले निर्धारण गरेको मिति, समय र स्थानमा बस्नेछ।

(२) छनोट समितिको बैठकसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) छनोट समितिको संयोजक सहित कम्तीमा पचास प्रतिशत भन्दा वढि सदस्यको उपस्थिति भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ,

(ख) छनोट समितिको बैठकको निर्णय सर्वसम्मत हुनेछ र कुनै कारणले सर्वसम्मत हुन नसकेमा संयोजकसहितको उपस्थित सदस्यको बहुमतको निर्णय यस समितिको निर्णय हुनेछ।

(३) छनोट समितिको वैठकमा आवश्यकता अनुसार सम्बन्धित निकायका विषय विज्ञ, प्राध्यापक, शिक्षकमध्येबाट तीन जनाको सङ्ख्याभन्दा बढी नहुने गरी आमन्त्रण गर्न सकिनेछ र त्यसरी आमन्त्रण गर्दा कम्तीमा एक जना महिला हुने गरी आमन्त्रण गर्नु पर्नेछ।

(४) छनोट समितिको बैठकसम्बन्धी अन्य व्यवस्था यसै छनोट समितिद्वारा निर्धारण भए बमोजिम हुनेछ।

**१७. <u>छनोट समितिको कार्य जिम्मेवारीः</u>** (१) छनोट समितिको कार्यजिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम सञ्चालन कार्ययोजना निर्माण गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्ने,

...न सरकार ... तथा प्रविधि मन्त्रालय ... ार, काठमाडौं, नेपाल

(ख) मन्त्रालयमा पेश भएका प्रस्ताव उपर छलफल गरी उपयुक्त प्रस्तावलाई मन्त्रालय समक्ष स्वीकृतिका लागि पेश गर्न सिफारिस गर्ने,

(ग) आवश्यकता अनुसार प्रस्ताव कार्यान्वयनको सुपरीवेक्षण गर्ने र प्रस्तावकलाई मन्त्रालय मार्फत् सुधारको लागि निर्देशन दिने,

(घ) कार्यक्रम सञ्चालनलाई प्रभावकारी र परिणाममुखी बनाउन आवश्यकताअनुसार स्रोत साधनको परिचालन तथा सूचना सम्प्रेषण गर्ने,

(ङ) निर्देशक समितिको निर्देशनका कार्य सम्पादन गर्ने,

(च) कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयलाई आवश्यक सहजीकरण गर्ने र कार्यक्रम सञ्चालनको अभिलेख व्यवस्थापन गर्न आवश्यक व्यवस्था गर्ने,

(छ) यस कार्यविधि कार्यान्वयनमा उत्पन्न हुन सक्ने कुनै वाधा, अड्काउ वा द्विविधा भएमा त्यसको समाधानको लागि आवश्यक निर्णय लिने वा निर्णयका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ज) कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न कार्यगत व्यवस्था गर्ने,

(झ) मन्त्रालयले तोकेको अन्य कार्य गर्ने।

(२) प्रस्तावको आधारभूत योग्यता र मूल्याङ्कन आधार अनुसूची-३ मा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद-५
## प्रस्तावकको दायित्व, खर्चको मापदण्ड तथा अनुदानको सीमा

१८. **अनुदान प्राप्त गर्ने प्रस्तावकको दायित्वः** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने प्रस्तावकको दायित्व देहाय बमोजिम रहनेछः-

(क) छनोट भएको प्रस्तावको अधीनमा रही कार्यक्रम सञ्चालन गर्नु, गराउनु पर्ने,

(ख) प्रस्ताव कार्यान्वयनको क्रममा जुनसुकै समयमा पनि हुन सक्ने अनुगमनमा सहयोग गर्नु पर्ने,

(ग) सम्झौता बमोजिमको कार्य प्रगतिको नियमित प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्ने,

(घ) सम्झौता बमोजिमको कार्य सम्पन्न भएपछि प्रतिवेदन सहित सो को जानकारी मन्त्रालयलाई गराउनु पर्ने,

(ङ) अनुदान रकमको खर्चका सम्बन्धमा लेखा परीक्षण गरी सो को प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्ने,

(च) छनोट समितिले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ।

१९. **खर्चको मापदण्ड पालना गर्नुपर्नेः** (१) यस कार्यविधि बमोजिम प्रस्ताव पेश गर्दा सम्बन्धित प्रस्तावकले लागत अनुमान तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको लागत अनुमान अनुसूची-४ बमोजिम तयार गर्नुपर्नेछ।

नेपाल सरकार ... तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(३) निर्देशक समिति तथा छनोट समितिको बैठकमा भाग लिए वापत निर्देशक समिति तथा छनोट समितिका सदस्य तथा अन्य आमन्त्रित सदस्यलाई मन्त्रालयले प्रचलित नियमानुसारको बैठक भत्ता उपलब्ध गराउन सक्नेछ।

२०. **<u>अनुदान रकमको सीमाः</u>**मन्त्रालयले एक आर्थिक वर्षमा एक प्रस्तावकलाई निजले पेश गरेको प्रस्ताव पूर्ण रुपमा कार्यान्वयनका लागि  दश लाख रुपैयाभन्दा बढी नहुने गरी निर्देशक समितिबाट निर्धारण भए बमोजिम हुनेछ।

## परिच्छेद-६

## <u>अनुदानको भुक्तानी तथा अनुगमन</u>

२१. **<u>अनुदान रकम भुक्तानी दिनेः</u>** (१) छनोट समितिको सिफारिस मन्त्रालयबाट स्वीकृत भए पश्चात् मन्त्रालयले अन्य विषयका अतिरिक्त अनुदान भुक्तानी गरिने शर्तसहितको कार्यान्वयन सम्झौता गर्नेछ।

(२) मन्त्रालयले सम्झौताको अधीनमा रहि एक आर्थिक वर्षमा बढीमा तीन किस्तामा सम्बन्धित प्रस्तावकको बैङ्क खातामा निम्नानुसार रकम निकासा गर्ने व्यवस्था मिलाउनेछः-

(क) सम्झौता भई कार्य प्रारम्भ भएको विवरण प्राप्त भएको १५ दिनभित्र सम्झौताको २०% ले हुने रकम,

(ख) सम्झौता बमोजिमको कार्य ८०% पुरा भएपछि खर्चको बील भरपाईको प्रतिलिपी र अनुगमन प्रतिवेदनको आधारमा थप ६०% रकम,

(ग) कार्य सम्पन्न प्रतिवेदन तथा खर्च सम्बन्धित कागजातका आधारमा बाँकी रकम।

(३) निकासा भएको रकम सम्बन्धित प्रस्तावकले अनुसन्धान प्रयोजनमा मात्र खर्च गर्न सक्नेछ र यस्तो रकम भौतिक पूर्वाधार (सवारी साधन/घर/टहरा/अफिस/प्रयोगशाला निर्माण वा मर्मत, उपकरण खरिद) जस्ता कार्यमा खर्च गर्न सकिनेछैन।

(४) यस कार्यविधि कार्यान्वयनका क्रममा अनुसन्धानकर्ताको पारिश्रमिक प्रयोजनका लागि मन्त्रालयले उपलब्ध गराउने कुल अनुदान रकमको १५% भन्दा बढी खर्च गर्न पाइनेछैन।

(५) प्रचलित कानून बमोजिम स्वीकृत प्रस्ताव बमोजिम काम समेतको लेखा परिक्षण गरी सोको जानकारी मन्त्रालयमा गराउनु अनुदान प्राप्त गर्ने प्रस्तावकहरुको दायित्व हुनेछ।

२२. **<u>अनुगमन गरिनेः</u>** (१) यस कार्यविधि बमोजिम सहयोग वितरण पश्चात् यसको प्रभावकारी उपयोग भए नभएको सम्बन्धमा मन्त्रालयबाट समय-समयमा अनुगमन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमनको क्रममा दिइएका सुझाव पालना गर्नु सम्वन्धित प्रस्तावकको कर्तव्य हुनेछ ।

(३) अनुगमन टोलीमा निर्देशक समितिका सदस्यहरूलाई समेत समावेश गर्न सकिनेछ।

(४) अनुगमन गर्दा यस कार्यविधि र सम्झौता अनुसारको शर्तहरु पूरा नभएको पाइएमा मन्त्रालयबाट प्रदान भएको अनुदान रकम अनुगमन टोलीको सिफारिसको आधारमा प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

## परिच्छेद-७

## विविध

२३. **सोझै कार्यक्रम कार्यान्वयन गर्न सकिने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पूर्णस्वामित्वको अनुसन्धान गर्ने निकाय वा प्रचलित कानून बमोजिम स्थापित विश्वविद्यालयसँग मन्त्रालयले सिधै प्रस्ताव माग गरी छनोट समितिको सिफारिसमा कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

२४. **सम्पर्क एकाइ रहने:** कार्यक्रम सञ्चालनको लागि मन्त्रालयको विज्ञान प्रविधि महाशाखा सम्पर्क एकाइका रूपमा रहने छ।

२५. **सूचना प्रविधिको प्रयोग गर्न सकिने:** (१) मन्त्रालयले सूचना प्रविधिको प्रयोग गरी कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रविधिको प्रयोग गरी भएको कार्य यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ।

२६. **गुनासोसम्बन्धी व्यवस्था:** (१) कार्यक्रम सञ्चालन, व्यवस्थापन, विषय विज्ञ तथा यससँग सम्बन्धित कुनै विषयमा कसैको गुनासो प्राप्त भएमा त्यस्तो विषयमा मन्त्रालयले उपसचिवस्तरको कर्मचारीको संयोजकत्वमा एक जना सम्बन्धित क्षेत्र र एक जना अधिकृतस्तरको कर्मचारी सम्मिलित तीन सदस्यीय समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले प्राप्त गुनासोउपर अध्ययन गरी सचिवसमक्ष प्रतिवेदन पेस गर्ने छ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा गुनासोमा उल्लेख भए बमोजिम भएको वा नभएको यकिनका साथ सिफारिस हुन आएमा सचिवले सिफारिसका विषयमा यथाशिघ्र निर्णय गरी सम्बन्धित व्यक्तिलाई जानकारी गराउन लगाउनेछ।

२७. **बाधा अडकाउ फुकाउन सक्ने:** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइ परेमा मन्त्रालयले आवश्यक बाधा अड्काउ फुकाउन सक्ने छ।

(२) उपदफा (१) बमोजिमको बाधा अड्काउ फुकाउन गरिएको निर्णयको जानकारी मन्त्रालयले सार्वजनिक गर्नु पर्नेछ।

२८. **प्रचलित कानुनबमोजिम हुने:** कार्यक्रम कार्यान्वयनको लागि यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची-१
(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**प्रस्तावसम्बन्धी सूचना**

मिति २०८-।--।--

यस मन्त्रालयको आ.ब.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम क्रियाकलाप नं २.७.२५.३१० अन्तरगतको सार्वजनिक निजीक्षेत्र, विश्वविद्यालय तथा अनुसन्धानमा संलग्न सँस्था बीच विविध क्षेत्र, विषय, समस्या र अवसरको पहिचान गरी विज्ञान प्रविधि तथा अनुसन्धान मार्फत नवप्रवर्तन कार्यक्रम सञ्चालन र स्टार्टअपहरुको प्रवर्धन कार्यक्रम सञ्चालन अनुसन्धान र नवप्रवर्तनबाट विकसित ज्ञान र उत्पादनको सिर्जित बौद्धिक सम्पत्तिको संरक्षण र उपयोगको प्रवर्धन गर्दै "मिनिबल भायबल प्रोटक्ट" सम्म पुर्याउने तथा क्रियाकलाप नं २.७.२५.३१३ अन्तर्गतको जलबायु परिवर्तन न्यूनीकरण, प्रदूषण नियन्त्रण, हरित निर्माण सामग्रीको लागि नविन प्रविधिको विकास र विस्तारको सहयोग रहेको छ। यस कार्यक्रम बमोजिम प्रतिष्पर्धामा सहभागी हुन चाहनुहुनेले "**विज्ञान प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यविधि, २०८१" बमोजिम** एक महिनाभित्र यस कार्यविधिको अनुसूची-२ को बमोजिमको ढाँचामा यस मन्त्रालयमा आइपुग्ने गरी वा सबै आवश्यक कागजात प्रमाणित गरेर स्क्यान गरी innovation@moest.gov.np मा ईमेल गरी निवेदन दिनुहुन अनुरोध छ। म्याद नाघी दर्ता हुन आएका वा रीत नपुगेका निवेदन छनोटका लागि समावेश हुने छैन। उल्लिखित कार्यविधि यस मन्त्रालयको वेभसाइट www.moest.gov.np बाट हेर्न वा डाउनलोड गर्न सकिने व्यहोरा सम्बन्धित सबैको लागि अनुरोध गरिएको छ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची-२

### (दफा ७ को उपदफा (१) र दफा ८ को खण्ड (क) सँग सम्बन्धित)

### प्रस्तावको ढाँचा

सार्वजनिक, निजी क्षेत्र, विश्वबिद्यालय तथा अनुसन्धानमा संलग्न संस्था विच विविध क्षेत्र, बिषय, समस्या र अवसरको पहिचान गरी बिज्ञान, प्रविधि तथा अनुसन्धान मार्फत नवप्रवर्तन कार्यक्रम संचालन र स्टार्ट-अपहरूको प्रवर्द्धन कार्यक्रम संचालन, अनुसन्धान र नवप्रवर्तनबाट विकसित ज्ञान र उत्पादनको सिर्जित बौद्धिक सम्पत्ति, त्यसको संरक्षण र उपयोगको प्रवर्द्धनका साथै जलवायु परिवर्तन न्यूनीकरण, प्रदुषण नियन्त्रण, हरित निर्माण सामग्रीको लागि नविन प्रविधि विकास र विस्तारको सहयोग पुर्याउने प्रकृतिका विविध क्षेत्र तथा विषयसंग सम्बन्धित प्रस्तावहरु पेश गर्न अनुरोध गरिन्छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति ............... मा आव्हान गरे बमोजिम म / हामीले सञ्चालन गर्ने निम्न बमोजिमको कार्यक्रम पेश गरेका छौं।

| | | |
|---|---|---|
| १ | प्रस्तावकको नामः | |
| २ | ठेगानाः | |
| ३ | सम्पर्क टेलिफोन नंः | |
| ४ | ई-मेलः | |
| ५ | प्रमुख सम्पर्क व्यक्तिको नाम, मोबाईल नं र ईमेलः | |
| ६ | दोस्रो सम्पर्क व्यक्तिको नाम, मोबाईल नं र ईमेलः | |
| ७ | प्रस्तावकसंग आवद्ध अन्य निकाय वा संस्थाहरु भए सबै संस्थाको नाम, ठेगाना, र प्रत्येक संस्थाबाट एक व्यक्तिको सम्पर्क नंः | |
| ८ | प्रस्तावकको प्रमुख व्यक्तिको हस्ताक्षरः | |
| ९ | प्रस्तावकको माथिल्लो निकाय भए सो को नाम र ठेगाना | |
| १० | प्रस्तावकले कार्य गर्ने विषयः | |

**१०.१ प्रस्तावकको सांगठनिक अवस्थाका बारेमा वर्णन गर्नुहोस् ।**

☐ अनुसन्धान, नवप्रवर्तन, समस्या समाधानका लागि आवश्यकता पहिचान र परिणाम, दिर्घकालीन मार्गचित्र, नीति, लक्ष्य, उद्देश्य, जनशक्तिको अवस्था, प्रमुख वैज्ञानिक, अन्वेषक वा नवप्रवर्द्धकको विस्तृत विवरणहरु, उद्देश्य प्राप्तिको लागि चाहिने भवन, प्रयोगशाला र उपकरणहरुको विवरण र सो को अवस्था, सांगठनिक कार्य विवरण जस्ता विषयहरु समावेश गरेको हुनुपर्ने (विवरण प्रमाणित गर्ने कागजात अनुसूचीमा संलग्न गर्ने)

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

**१०.२ प्रस्तावकको भैरहेका अनुसन्धानको अवस्था, कार्यक्षेत्रमा सुधारको स्थितिको बारेमा वर्णन गर्नुहोस् ।**

□ अनुसन्धान, नवप्रवर्तन, समस्या समाधानमा गरिने नविनतम प्रयासको विश्लेषण, अनुसन्धान, नवप्रवर्तनको विषय वा आवश्यकता चयन गर्ने आन्तरिक विधि रहेको भए सोको प्रमाण, विगत ३ वर्षमा प्रस्तावकबाट भएको अनुसन्धानको विवरण, अनुसन्धान गर्न लागेको खर्च र समय, पुरानो र नयाँ अनुसन्धान बीचको सम्बन्ध वा निरन्तरताको अभ्यास भए सो को जानकारी, अनुसन्धानबाट नेपालमा रहेको कुनै उद्योग वा अन्ततगत्वा नेपाली समाजमा सामाजिक आर्थिक केही फाइदा गरेको भए सो को व्यहोरा, अनुसन्धानमा आधारित कुनै पेटेन्टको लागि निवेदन वा कुनै प्रकृयाको थालनी गरिएको भए सोको व्यहोरा तथा हाल गरिरहेको कार्य र सम्भावित सुधारको खाका (उल्लेखित विवरण प्रमाणित गर्ने तथ्य, तथ्याङ्क, तथा विवरण / कागजात संलग्न गर्ने)

**१०.३ प्रस्तावकको भैरहेका अनुसन्धानमा प्रस्ताव कार्यान्वयनको पूर्वाधारको अवस्था, नवप्रवर्तन र सिकाईको अवस्था बारेमा वर्णन गर्नुहोस् ।**

□ प्रस्ताव कार्यान्वयनका पूर्वाधारको अवस्था, प्रस्तुत गरिएका अवस्थासँग सम्बन्धित नवप्रवर्तन प्रवर्द्धन गर्न लिइएको नीति तथा कार्यक्रमहरुको प्रमाण र सो को ग्रहणको प्रक्रिया, अन्य समान किसिमका अनुसन्धान संस्थासँग संयुक्त अनुसन्धान वा सहकार्य र सो बाट भएको उपलब्धिको प्रमाण, नवप्रवर्तन तथा उद्यमशीलता प्रवर्द्धनको लागि कुनै संरचना स्थापना गरिएको छ भने सोको प्रमाण र सोमा सर्वसाधारणको पहुँचको अवस्थाको अनुसूचीमा संलग्न गर्ने।

**१०.४ प्रस्तावकको आर्थिक सबलताको अवस्था बारेमा वर्णन गर्नुहोस् ।**

□ संस्था दर्ता प्रमाणपत्र, वार्षिक लेखापरिक्षण प्रतिवेदन (पछिल्ला ३ आर्थिक वर्षको संलग्न गर्ने), कर चुक्ताको प्रमाणपत्र, संस्थाले विगत ५ वर्षमा कुल खर्च गर्न सकेको रकमको प्रमाण पेश गर्ने र प्रस्तावक सार्वजनिक निकाय भए प्रचलित कानूनी व्यवस्था बमोजिमको संरचना सञ्चालन भएको व्यहोरा प्रमाणित गर्ने आवश्यक कागजात पेश गर्ने ।

**१०.५ वातावरण र सुरक्षाः** वातावरणमा हुन सक्ने हानी नोक्सानी तथा अनुसन्धानबाट निसक्ने फोहर व्यवस्थापन योजना तथा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा योजनाको वर्णन गर्नु पर्ने।

**१०.६ लागतसझेदारीः** प्रस्ताव कार्यान्वयनको शिलशिलामा लागतसाझेदारीसम्बन्धी विवरण संलग्न गर्नु पर्नेछ र सोको पुष्ठ्याई पेश गर्नु पर्नेछ।

| | |
|---|---|
| ११ | प्रस्तावकको आगामि ३ वर्षको संक्षिप्त अनुसन्धान योजना/कार्यक्रमगत सारांश विवरण। |
| १२ | म/हामीले माथि पेश गरेको सबै विवरणहरु सहि छन् । झुट्टा फरक रहेछ भने कानून बमोजिम सहुँला, बुझाउँला ।<br><br>प्रस्तावक निकाय वा संस्थाको प्रमुखको दस्तखत / मिति / छाप |

नेपाल सरकार
... तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| १३ | मन्त्रालयको लागि सम्पर्क व्यक्तिः | |
| | नामः | |
| | सम्पर्क नंः | |
| | ईमेलः | |
| १४ | प्रस्तावक निकाय वा संस्थाको प्रमुखको दस्तखत तथा संछाप | आ.व<br>............................<br>प्रस्तावक निकाय वा संस्थाको प्रमुखको नामः<br>............................<br>दस्तखत / मिति / छाप |

**<u>नोटः</u>** यस कार्यविधि बमोजिम आवश्यक पर्ने कागजात पेश नगर्ने प्रस्तावकलाई सो कागजात वापतको अङ्क प्रदान गर्दा शुन्य अंक प्रदान गरिने छ । छनोट समितिले आवश्यक देखेमा मूल्याङ्कनको लागि स्थलगत निरीक्षण तथा थप कागजात माग गर्न सक्ने छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची-३

### (दफा ९ को उपदफा (२) र दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

### आधारभुत योग्यता र मूल्यांकनको अंकभारका आधार

**खण्ड (क) आधारभूत योग्यताः**

| क सं | आवश्यक योग्यता |
|---|---|
| १ | संस्थाको दर्ता तथा नवीकरण भएको हुनु पर्ने |
| २ | गत तीन आर्थिक वर्षमा अनुसन्धानको क्षेत्रमा औषत पन्ध्र लाख खर्च गरेको हुनु पर्ने |
| ३ | गत तीन आर्थिक वर्षमा कूल टर्न ओभर कम्तीमा पैतालीस लाख भएको हुनु पर्ने |
| ४ | गत आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र |

**खण्ड (ख) मूल्यांकन अंकभारका आधारः**

| क्र.सं. | शिर्षक | उपशीर्षक | प्रस्तावको बढीमा शब्द संख्या | मुल्याङ्कनको लागि पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | अनुसन्धान, नवप्रवर्तन, समस्या समाधानका लागि आवश्यकता पहिचान र परिणाम | आवश्यकता पहिचान प्रकृया (नेपाल सरकारका नीति, ऐन, सोच आदि अध्ययन, हालको अवस्था यकिन; आदि) | ५०० | ५ |
| | | यससँग राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा भैरहेका प्रयासको बारेमा समिक्षा | ५०० | ५ |
| | | प्रस्तावको उद्देश्य र परिणाम | ५०० | ५ |
| | | प्रस्ताव कार्यान्वयनबाट कुनै सामाजिक, आर्थिक रुपमा हुनसक्ने दीर्घकालीन फाइदाको विश्लेषण | ५०० | १० |
| २ | अनुसन्धान, नवप्रवर्तन, समस्या समाधानमा गरिने नविनतम प्रयासको विश्लेषण | अनुसन्धान पद्दति, कार्य पद्दतिमा सुधारका लागि अपनाउने प्रक्रियाहरु | ५०० | ५ |
| | | अनुमानित समय | ५०० | ५ |
| | | प्रस्ताव कार्यान्वयनको जोखिम मूल्याङ्कन तथा व्यवस्थापन | ५०० | ५ |
| ३ | प्रस्ताव कार्यान्वयनका पूर्वाधारको अवस्था | जनशक्ति विश्लेषण | ५०० | १० |
| | | प्रयोगशाला र उपकरण वा अन्य आवश्यक बन्दोवस्तिको व्यवस्थापन तथा विश्लेषण | ५०० | १० |
| | | तथ्याङ्कको विश्लेषणमा सफ्टवेयर तथा सुचना प्रविधिको प्रयोग | ५०० | ५ |



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि
सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | प्रस्ताव कार्यान्वयनमा देश भित्र वा बाहिरका अन्य संस्थासँगको सहकार्यता र नवप्रवर्तन प्रवर्द्धनको विश्लेषण | ५०० | ५ |
| ४ | आर्थिक पक्ष | प्रस्ताव कार्यान्वयनको आर्थिक मूल्याङ्कन गर्दा वार्षिक लेखापरिक्षण प्रतिवेदन (पछिल्ला ३ आर्थिक वर्षको संलग्न गर्ने), कर चुक्ताको प्रमाणपत्र, संस्थाले विगत ५ वर्षमा कुल खर्च गर्न सकेको रकमको आधारमा गर्ने | ५०० | १० |
| | | प्रस्ताव कार्यान्वयनको कूल आर्थिक लागत तथा स्रोत व्यवस्थापन योजना | ५०० | ५ |
| ५ | वातावरण र सुरक्षा | अनुसन्धानबाट वातावरणमा हुन सक्ने हानी नोक्सानी तथा अनुसन्धानबाट निसक्ने फोहर व्यवस्थापन योजना | ५०० | ५ |
| | | व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा योजना | ५०० | ५ |
| ६ | लागत साझेदारी | प्रस्ताव कार्यान्वयनको शिलशिलामा जम्मा लागतलाई शतप्रतिशत मानी ५ अंकभार कायम गर्ने र लागत साझेदारीको प्रत्येक २० प्रतिशतलाई १ अंक प्रदान गरी बढीमा ५ अंक दिने । | ५०० | ५ |
| कुल | | | ८००० | १०० |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची-४
### (दफा १९ को उपदफा (२) सँग सम्बन्धित)
### लागत अनुमानको खाका

| क्र.सं. | खर्च शिर्षक | एकाइ | शिर्षकको जम्मा परिमाण | शिर्षकको प्रति एकाइ दर | शिर्षकको जम्मा लागत |
|---|---|---|---|---|---|
| १ | जनशक्तिको पारिश्रमिक | | | | |
| २ | भ्रमण, यातायात खर्च, उपकरण भाडा, परीक्षण शुल्क, कन्ज्युमेवल्स, रसायन लगायतका सोधभर्ना हुने खर्च | | | | |
| ३ | प्रतिवेदन छपाइ लगायतका फुटकर खर्च | | | | |
| | जम्मा लागत | | | | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल